# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः ७ मितिः २०८१/१०/१३

भाग - २

मालिका गाउँपालिका

## बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१।१०।१३

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८२।०८।२३

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

## बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१

**प्रस्तावनाः**

बाल अधिकार सम्बन्धी समग्र पक्ष ( बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता ) को प्रवर्द्धन गर्न स्थानीय तहमा सुशासन अभिबृद्धि गरी बालबालिकाको सम्मान र सर्वोत्तम हित कायम गर्नका लागि बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी १९८९, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका बाल अधिकारका सवालहरुलाई कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि निर्माण गरी मालिका गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०८१/१०/१३ गतेको निर्णयबाट स्वीकृत गरि लागु गरिएको छ ।

### परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

१ यस कार्यविधिको नाम : **बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१** रहेको छ ।

२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क)** "संविधान" भन्नाले नेपालको संविधान लाई सम्झनु पर्दछ ।

**ख)** "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

**ग)** "कार्यविधि" भन्नाले मालिका गाउँपालिका द्धारा जारी गरिएको **बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१** सम्झनु पर्दछ ।

**घ)** **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनु पर्दछ ।

**ङ)** **"सम्पर्क व्यक्ति (Focal person)"** भन्नाले मालिका गाउँपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

**च)** **"बालमैत्री स्थानीय शासन गाउँ समिति"** भन्नाले यस **बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०८१** बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

**छ)** **"बालमैत्री स्थानीय शासन वडा समिति"** भन्नाले बालबालिकाको अधिकारहरुको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि गठन गरिएको वडा स्तरीय समितिलाई सम्झनु पर्छ ।

**ज)** **"बालमैत्री वडा भन्नाले"** यस कार्यविधि बमोजिम सूचक पुरा गरी घोषणा गरिएको मालिका गाउँपालिका अन्तर्गतका वडालाई सम्झनुपर्दछ ।

**झ)** **"बालमैत्री स्थानीय शासन"** भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपुर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्दतिलाई सम्झनु पर्दछ।

**ञ)** **" स्थानीय बाल अधिकार संरक्षण समिति"** भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएको गाउँपालिका स्तरीय समितिलाई सम्झनु पर्दछ।

**ट)** **"बाल क्लब"** भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाको सहभागितामा गठन भई मालिका गाउँपालिकाको कार्यालयमा अभिलेखीकरण भएर सक्रिय रुपमा सञ्चालनमा रहेका बालक्लबहरुलाई सम्झनु पदर्छ ।

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
ग्याखी
गण्डकी प्रदेश नेपाल
२०७३

ठ) **"संरक्षक तथा संरक्षक शिक्षक"** भन्नाले बालक्लबलाई नियमितरुपमा सञ्चालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक सम्झनु पर्दछ ।

ड) **"बालक्लब सञ्जाल"** भन्नाले सबै वडाको प्रतिनिधित्व हुने गरी गाउँपालिका स्तरमा गठन भएको बालक्लबहरुको सञ्जाल र वडास्तरमा रहेको सञ्जाललाई सम्झनु पर्दछ ।

ढ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामुलक सामाजिक संस्था सम्झनु पर्दछ ।

ण) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, गाउँपालिका तथा जिल्ला सभालाई सम्झनु पर्दछ ।

त) **"बाल कोष"** भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि गाउँपालिकाको कार्यालयमा स्थापना गरिएका बाल कोषलाई सम्झनु पर्दछ।

थ) **"बाल भेला"** भन्नाले गाउँपालिका वा वडाको योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरुमा बालक्लबका प्रतिनिधिहरुको भेलालाई सम्झनु पर्छ ।

द) **"गाउँपालिका"** भन्नाले मालिका गाउँपालिका सम्झनु पर्दछ ।

ध) **"प्रमुख"** भन्नाले मालिका गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

न) **"उपप्रमुख"** भन्नाले मालिका गाउँपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।

प) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

फ) **"वडा"** भन्नाले मालिका गाउँपालिकाको सम्बन्धित वडा सम्झनु पर्दछ।

ब) **"वडाध्यक्ष"** भन्नाले मालिका गाउँपालिकाको सम्बन्धित वडाध्यक्षलाई सम्झनु पर्दछ ।

भ) **"सभा"** भन्नाले मालिका गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

म) **"कार्यपालिका"** भन्नाले मालिका गाउँपालिकालाई सम्झनु पर्दछ।

## ३. कार्यविधि निर्माण गर्ने आधारहरूः

बालबालिका विरुद्ध हुने सबै प्रकार को हानी, जोखिमहरूबाट उनीहरुलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भिर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरुलाई जोगाउनु नै बाल संरक्षण हो । बालबालिका विरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, मानसिक) अपहरण तथा अन्य हानिकारक अभ्यासहरुले बालबालिकामा तत्कालिन र दिर्घकालिन हानी पुग्दछ जसले गर्दा समृद्ध स्थानीय तह निर्माण गर्न बाधा पुग्दछ । यिनै भेदभाव जन्य कार्यक्रमलाई सम्बोधन गर्न संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धी, १९८९, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को गाउँपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत बाल संरक्षणका सवालहरुलाई सम्बोधन गर्ने उल्लेख भएको हुँदा सो मा उल्लेखित अधिकार प्रयोग गर्दै बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि निर्माण गरिएको छ ।

## ४. उद्देश्य

मालिका गाउँपालिकालाई बाल संरक्षणसँग सम्बन्धित विषयको पहिचान, योजना तर्जुमा, कार्यान्वयन र प्रभावकारी अनुगमनमा सहयोगी बनाउन र बाल संरक्षण प्रणालीमा मालिका गाउँपालिका र सबै सरोकालवालाहरुको न्यूनतम समझदारी तथा बुझाईमा एकरुपता आउने विश्वास लिई यो कार्यविधि तयार गरीएको छ । यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

क) सबै समुदायका बालबालिकाको हकअधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने ।

ख) गाउँपालिकाको बाल संरक्षणका लागि उपयुक्त संयन्त्र निर्माण तथा कार्यक्रमहरुको तर्जुमा गर्न सहयोग पुऱ्याउने ।

ग) वडाबाट हुने बाल संरक्षण सम्बन्धी सेवा प्रवाहमा न्यूनतम समरुपता कायम गर्न योगदान दिने ।

घ) बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्दै विद्यालयहरुमा भयरहित सिकाई विधिलाई सम्बर्द्धन गर्ने।

ङ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

च) बालबालिकाको अभिलेख ( घटना व्यवस्थापन, सूचना, तथ्याङ्क आदि) व्यवस्थापन गर्ने ।

छ) बाल अधिकार संरक्षणको लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरू बिच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने ।

ज) बाल विवाह र बालश्रमलाई अन्त्य गर्ने अभियानमा सघाउ पुऱ्याउने ।

## परिच्छेद- २

### ५. <u>बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकार</u>

**५.१ बालमैत्री स्थानीय शासन गाउँ समिति गठनः**

बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिता को विषयमा स्थानीय तहको नीति, संरचना, पद्दति र प्रक्रियामा मुलप्रवाहिकरण गर्नका लागि देहाय बमोजिमको **एक बालमैत्री स्थानीय शासन गाउँ समिति** गठन हुनेछ ।

**देहाय :**

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. गाउँपालिका प्रमुखले मनोनयन गरेका कार्यपालिका सदस्यहरु २ जना | सदस्य |
| ५. गाउँपालिकाका स्वास्थ्य, शिक्षा तथा महिला शाखाका प्रमुख ३ जना | सदस्य |
| ६. महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संघसंस्थाहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि | सदस्य |
| ७. स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट समितिले मनोनयन गरेको १ जना | सदस्य |
| ८. गाउँपालिकामा कार्यरत महिला शिक्षक र महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका मध्येबाट समितिले मनोनयन गरेका २ जना | सदस्य |
| ९. गाउँपालिकास्तरीय बाल सञ्जाल का प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) | सदस्य |
| १०. गाउँपालिका बालअधिकार समितिको सदस्य १ जना | सदस्य |
| ११. गाउँपालिकामा रहेको सुरक्षा निकायको प्रमुख | सदस्य |
| १२. महिला/ बालबालिका शाखा हेर्ने सम्पर्क व्यक्ति | सदस्य-सचिव |

समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । सदस्यहरुले पाउने बैठक भत्ता प्रचलित कानुन बमोजिम हुनेछ ।

**५.२ बालमैत्री स्थानीय शासन गाउँपालिका समितिको काम, कर्तव्य र अधिकार :**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्दतिको प्रवर्द्धन गरी गाउँपालिकालाई नीतिगत

पृष्ठपोषण गर्ने ।

२. बालमैत्री स्थानीय शासन पद्दतिको प्रवर्द्धन गर्न गाउँपालिका स्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने ।

३. बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय एवं गैर सरकारी संघसंस्था तथा तह बिच आवश्यक समन्वय गर्ने, गराउने ।

४. बालमैत्री स्थानीय तह घोषणा गर्न थप सूचकहरू निर्धारण गर्ने र बालमैत्री वडा घोषणा गर्न का लागि वडा समितिलाई सहयोग गर्ने ।

५. बालमैत्री कार्यक्रम कार्यान्वयनका लागि योजना तर्जुमा प्रक्रियामा बालबालिकाका सवालहरुलाई उठान गर्न पहल गर्ने ।

६. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने, गराउने ।

**५.३ गाउँपालिकामा सामाजिक विकास शाखा(महिला / बालबालिका शाखा) को जिम्मेवारी**

१. गाउँपालिकामा महिला तथा बालबालिका शाखा सञ्चालन गर्नको लागि कम्तीमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकि कार्य जिम्मेवारी दिइनेछ ।

२. महिला तथा बालबालिका सम्बन्धी कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने ।

३. बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक पुरा गर्न बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्न सधै क्रियाशिल रहने ।

४. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अध्यावधिक र सम्प्रेषण गर्ने ।

५. गाउँपालिकाबाट हुने सेवा प्रवाह पद्दतिलाई बालमैत्री बनाउने र बालक्लबहरुको सूचिकृत गर्ने ।

६. गाउँपालिका तथा वडाका कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने ।

७. बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरुको अवस्था विश्लेषण, अनुगमन र प्रमाणिकरण गर्ने ।

८. बालबालिकाको तथ्याङ्क र सूचना अध्यावधिक गर्ने तथा बालबालिका, गाउँपालिका र सरोकारवाला बिच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

९. बाल अधिकार संरक्षण समिति तथा बालमैत्री स्थानीय शासन गाउँ समितिका सदस्यहरुसँग बाल संरक्षक, संरक्षक शिक्षक, बालक्लब, बालक्लब सञ्जालबीच समन्वयकारी भुमिका खेल्ने ।

१०. बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

११. योजना तर्जुमा प्रक्रियामा बालभेला गर्न सहयोग गर्ने र वडामा बालमैत्री अभियान सञ्चालन गर्न सहयोग गर्ने ।

**६. गाउँपालिका स्तरीय बाल अधिकार संरक्षण समिति गठन, काम कर्तव्य र अधिकार**

बालसंरक्षणमा पर्याप्त ध्यान सुनिश्चित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम मालिका गाउँपालिकाले गाउँपालिका स्तरीय, वडास्तरीय बाल अधिकार संरक्षण समिति गठन, काम, कर्तव्य र अधिकार समेत प्रत्यायोजन गरेको छ ।

**६.१ मालिका गाउँपालिका स्तरीय बाल अधिकार संरक्षण समिति**

| | | |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | गाउँपालिका प्रमुखले मनोनयन गरेका कार्यपालिका सदस्यहरु २ जना | सदस्य |
| ४. | स्वास्थ्य, शिक्षा शाखाका प्रमुख २ जना | सदस्य |
| ५. | गैसस प्रतिनिधि र बालबालिकाकाको क्षेत्रमा कार्यरत २ जना | सदस्य |

६. गाउँपालिका शिक्षा समिति मध्येबाट संयोजकले मनोनयन गरेको १ जना सदस्य

७. गाउँपालिकापालिका स्तरीय बालक्लब सञ्जालबाट १ जना सदस्य

८. पिछडिएका समुदाय मध्ये बाट १ जना सदस्य

९. गाउँपालिकामा रहेका सुरक्षा निकायको प्रमुख सदस्य

१०.गाउँपालिका स्तरीय अपाङ्ग समन्वय समितिका प्रतिनिधि सदस्य

११.महिला/ बालबालिका शाखा हेर्ने सम्पर्क व्यक्ति सदस्य-सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । सदस्यहरुले पाउने बैठक भत्ता प्रचलित कानुन बमोजिम हुनेछ ।

**६.२ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

क) बालमैत्री स्थानीय शासन गाउँ समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने ।

ख) बालमैत्री स्थानीय शासन वडा समितिसँग समन्वय गरी सुचकहरुको आधारमा योजना तर्जुमा गरि कार्यान्वयन सहजीकरण र अनुगमन गर्ने ।

ग) गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरु साथै सबै बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अध्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

घ) बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय एवं गैर सरकारी संघसंस्था, बालक्लब, बालमैत्री स्थानीय शासन वडा समिति, निगरानी समिति, मेलमिलाप केन्द्रहरुको अभिलेख तयार गर्दै समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

ङ) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकताको पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वय, समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने ।

च) बाल अधिकारहरुको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

छ) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय एवं गैर सरकारी संघसंस्था, बालक्लब, बालमैत्री स्थानीय शासन वडा समिति, आदि संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्यहरु गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

ज) बाल अधिकार हनन् का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरि पठाउने एवं समन्वयकारी भुमिका निर्वाह गर्ने ।

झ) बालबालिकाको लागि आकस्मिक सहयोगका लागि कोषको स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्ने । कोषमा गाउँपालिकामा कार्यरत सबै सरोकारवालाहरुलाई सहयोगका लागि अनुरोध गर्ने ।

ञ) स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भुमिका सहजीकरण गर्ने ।

ट) बाल अधिकार सम्बन्धी दिवस तथा समारोह विभिन्न निकायहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

ठ) बालमैत्री स्थानीय शासन वडा समितिहरु, बालक्लब, सञ्जालहरु, सरोकालवालाहरू र गाउँपालिकाबिच समन्वय तथा सहकार्य गर्ने ।

ड) गाउँपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको अनुगमन र प्रगति विवरण तयार गरि गाउँपालिकामा पेश गर्ने ।

**७. बालमैत्री स्थानीय शासन वडा समितिको गठन, काम, कर्तव्य र अधिकार**

**७.१ बालमैत्री स्थानीय शासन वडा समितिको गठन**

क) वडा अध्यक्ष संयोजक

ख) वडा सदस्यहरु सदस्य

ग) शिक्षकहरु मध्येबाट संयोजकले मनोनयन गरेको २ जना (१ महिला शिक्षक) सदस्य

घ) महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका मध्येबाट संयोजकले मनोनयन गरेको १ जना सदस्य

ङ) वडामा बाल अधिकारको क्षेत्रमा कार्यरत गैसस बाट १ जना सदस्य

च) विद्यालय व्यवस्थापन समितिबाट संयोजकले मनोनयन गरेको १ जना सदस्य

छ) विद्यालय बालक्लब सञ्जालबाट समितिले मनोनयन गरेको कम्तिमा (१ जना बालिका सहित) २ जना सदस्य

ज) आदीवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको प्रतिनिधित्व हुने गरी समितिले मनोनयन गरेको कम्तिमा (१ जना महिलासहित) २ जना सदस्य

झ) वडा अपाङ्ग समितिबाट प्रतिनिधि सदस्य १ जना सदस्य

ञ) समाजसेवीहरु मध्ये वडा समितिबाट मनोनित १ जना सदस्य

ट) स्वास्थ्य संस्थाका प्रमुख सदस्य

ठ) वडा सचिव सदस्य-सचिव

**७.२ बालमैत्री स्थानीय शासन वडा समितिको काम, कर्तव्य र अधिकारः**

क) बालमैत्री स्थानीय शासन गाउँपालिका समिति र गाउँपालिका स्तरीय बाल अधिकार संरक्षण समितिले तय गरेका नीति, कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने।

ख) गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन गाउँपालिका समितिको सिफारिसमा वडालाई बालमैत्री वडा घोषणा गर्ने अभियान सञ्चालन गर्ने ।

ग) वडामा बालविवाह, दाईजो लेनदेन, बालश्रम शोषण, बहुविवाह, लैङ्गिक हिंसा, जातीय छुवाछुत, मानव बेचबिखन, हानिकारक अभ्यासहरु अन्त्य गर्ने क्रियाकलाप सञ्चालन गर्ने ।

घ) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अध्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

ङ) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय एवं गैर सरकारी संघसंस्था बालक्लब, बालमैत्री स्थानीय शासन वडा समिति आदि संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्यहरु गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरि पठाउने एवं समन्वयकारी भुमिका निर्वाह गर्ने ।

छ) बाल अधिकार सम्बन्धी दिवस तथा समारोह विभिन्न निकायहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

ज) वडाका बाल अधिकार संग सम्बन्धित समितिहरु, बालक्लब सञ्जालहरु, सरोकारवालाहरू र गाउँपालिकाबिच समन्वय तथा सहकार्य गर्ने ।

झ) गाउँपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको अनुगमन र प्रगति विवरण तयार गरि गाउँपालिकामा पेश गर्ने ।

ञ) विद्यालययस्तरमा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको अनुगमन र प्रगति विवरण तयार गर्ने ।

ट) अशक्त, अपाङ्ग, आदीवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका बालबालिकाहरुको पालन पोषणका लागि सिफारिस गर्ने ।

बालमैत्री स्थानीय शासन वडा समितिको बैठक आवश्यकता अनुसार बस्ने छ । बैठक भत्ता प्रचलित कानुन बमोजिम हुनेछ । समितिको पदावधि वडा अध्यक्षको कार्यकाल सम्म रहनेछ ।

**८. बालक्लब तथा बाल सञ्जालको गठन, काम कर्तव्य र अधिकारः**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएका बालबालिकाको साहभागिताको अधिकार तथा बालबालिकाहरुको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकारले कार्यान्वयनमा ल्याएको बालमैत्री शासन रणनीति अन्तर्गत बाल क्लब गठन गरि व्यवस्थित र प्रभावकारी ढङ्गले लागु गर्न गराउन सहयोग पुग्ने अभिप्रायले गाउँपालिकामा सूचिकृत भएका बाल क्लबहरुमा १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई समेटि बालक्लब गठन गरिनेछ ।सबै वडाका बालक्लबहरुको प्रतिनिधित्व हुने गरि गाउँपालिकास्तरीय बाल सञ्जाल समेत गठन गरि कार्यान्वयनमा ल्याईनेछ ।

बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने तथा बाल क्लबहरुको गठन, संचालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउदै बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउन र स्थानीय विकासका हरेक प्रक्रियामा सार्थक बाल प्रतिनिधित्व मार्फत बालमैत्री पुर्वाधार विकासमा टेवा पुऱ्याउने मुख्य ध्येयका साथ बाल सञ्जाल गठन गरिनेछ ।

**८.१ विद्यालयस्तर बाल क्लव :**

विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालयभित्र बालअधिकार अनगुमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समुहहरु विद्यालयमा आधारित बाल क्लबहरू हुन् । विद्यालयमा आधारित बाल क्लवहरुमा सबै जातजाति, कक्षा, लिगं र शारीरिक हैसियतका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसरी बन्ने बाल क्लवमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भएको र १८ वर्ष भन्दा कम उमेर भएको हुनुपर्दछ ।

**८.१.१ वैठक व्यवस्थापन :**

(क) प्रत्येक विद्यालयमा एक बालक्लब रहने छ । सबै विद्यार्थीहरू यसका सदस्य हुनेछन ।

(ख) बालबालिकाको भेलाबाट बालक्लबमा बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ ।

(ग) कार्यसमितिमा ५० प्रतिशत बालिकाहरु अनिवार्य रहने छन ।

(घ) अपाङ्गता भएका बालबालिकाहरु समेतको प्रतिनिधित्व हुनुपर्नेछ ।

(ङ) बालक्लबको गठन तथा अद्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियानपछि एक महिनाभित्रमा गरिनेछ ।

(च) संरक्षक र प्रधान संरक्षक शिक्षक तोकी विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा गाउँपालिकामा सूचीकृत गरिनेछ ।

(छ) बालक्लबको विधान प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी बालक्लबहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

(ज) बालक्लबले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सामाजिक विकास, वातावरण संरक्षण, जोखिमन्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(झ) सबै सहभागीहरूलाई पायक पर्ने स्थानमा र समयमा मासिक वैठक सञ्चालन हुनेछ ।

(ञ) वैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ट) वैठक बढीमा २ घण्टा बस्ने छ ।

(ठ) वैठकको निर्णय पुस्तिका विद्यालयमा राखिनेछ ।

(ड) वैठकमा बालबालिकासँग सम्बन्धित बालमैत्री कार्यक्रम लगायत शिक्षा, स्वास्थ्य, खेलकुद, अतिरिक्त क्रियाकलाप, बाल हिंसा तथा दुर्व्यवहार, बाल विवाह तथा दाइजो विरुद्धका विषयहरुमा बढी केन्द्रित हुनेछ ।

(ढ) बालक्लवको वैठकमा सबै सदस्यहरुलाई समान व्यवहार गनुपर्दछ ।

(ण) बाल समुहको बैठकको आयोजना विद्यालयमा पढाई नभएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ ।

**८.२ समुदायस्तरीय बालक्लव :**

कुनै निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लवहरु समुदायस्तरीय बाल क्लवहरु हुन् । कुनै टोल बस्ती, वडाभित्र समुदाय स्तरीय बालक्लव गठन गर्न सकिन्छ । यस्ता बालक्लवहरुले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिगं, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चितता गर्नुपर्दछ ।

८.२.१ **समुदायस्तरीय बालक्लवको वैठक व्यवस्थापन :**

(क) बालबालिकाको भेलाले बढीमा १५ सदस्यीय बालक्लब गठन गरी, संरक्षक तोकी एक महिनाभित्र सूचीकृत हुनु पर्नेछ । क्लवमा सम्भव भएसम्म बालक बालिका बरावर हुनेछन् ।

(ख) बालक्लबले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सामाजिक विकास, वातावरण संरक्षण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन् ।

(ग) बालबालिकालाई पायक पर्ने सुरक्षित स्थानमा मासिक बैठक वस्नेछ । वैठकको निर्णय पुस्तिका सचिवको जिम्मा राखिनेछ । वैठकमा सहजकर्ता, संरक्षक, सामाजिक परिचालक वा गाउँपालिकाले तोकेको निकायले सहजीकरण गर्नेछ । बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ । वैठक बढीमा २ घण्टा बस्नेछ ।

(घ) समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ। सवै सदस्यहरुको समान हैसियत हुनेछ ।

(ङ) ८ वर्ष भन्दा कम उमेर समुहका बालबालिकालाई बाल क्लवको नेतृत्वमा राखिने छैन् ।

**८.३ बालक्लब सञ्जालहरूको गठन :**

गाउँपालिका, वडा समिति तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने अन्य संस्था तथा कार्यालयबाट बाल अधिकारलाई प्रवर्द्धन गर्नका लागि योजना तर्जुमा, बैठक देखि अनुगमन, मुल्याङ्कन तथा बालबालिकाका अन्य सवालहरुमा छलफल तथा निर्णय गर्न समेतका लागि अर्थपुर्ण बाल सहभागिता सुनिश्चित हुनुपर्दछ ।सहभागिताका लागि सवै सदस्यहरुलाई आमन्त्रण गर्न असहज हुने हुदाँ बालबालिकाको प्रतिनिधित्व गर्न विद्यालयस्तरीय र समुदायस्तरीय बालक्लवहरुबाट सर्वसम्मत चयन गरि वडास्तरीय बालक्लव सञ्जाल र गाउँपालिका स्तरीय बालक्लव सञ्जाल सहमतिका आधारमा निर्माण गर्नुपर्दछ ।

**८.३.१ बालक्लव सञ्जाल गठन विधि :**

(क) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बालक्लब सञ्जाल गठन गर्नुपर्नेछ ।

(ख) बालक्लब सञ्जाल वडा स्तर तथा गाउँपालिकास्तरका हुनेछन् ।

(ग) बालक्लब सञ्जाल गठन गर्नका लागि गाउँपालिका र वडा तहमा बालक्लबहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नुपर्नेछ ।

(घ) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बालक्लबहरूलाई भेलाको मितिभन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा भेलाको मिति, समय र स्थान, भेलामा छलफल हुने विषयहरू, भेलामा आमन्त्रण गरिएको प्रत्येक बालक्लबहरूको प्रतिनिधि संख्या जातजाति, लिंगसमेतको जानकारी गराउनु पर्दछ ।

(ङ) बाल क्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुन बाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(च) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिला पर्याप्त गर्नु पर्नेछ ।

(छ) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाउने छैनन्। तर बालक्लवको नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(ज) बालबालिका माझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राख्नुपर्नेछ ।

(ञ) आफ्नो बालक्लबमा छलफल गरी निर्णय गरेको हुनुपर्नेछ। विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ।समुदायमा आधारित बालक्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति लिनु पर्दछ। नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको सिद्धान्त अवलम्वन गरिनेछ ।

**८.४ स्थानीय तहको योजना तर्जुमामा बाल क्लव प्रतिनिधित्वको व्यवस्था :**

(१) स्थानीयतहबाट हुने योजना निर्माण चक्रमा बाल क्लवको प्रतिनिधित्व र सहभागिता अनिवार्य गरिनेछ ।

(२) बस्ती तथा वडास्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लवका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ। भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न समय उपब्ध गराइनेछ।

(३) वडास्तर वा गाउँपालिकास्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिईनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लवलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे जानकारी गराइनेछ।

**९. बालक्लब तथा गाउँपालिका स्तरीय बालक्लब सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. बालक्लब तथा सञ्जालको वैठक र साधारण सभाको अध्यक्षता गर्ने।

२. बालक्लब तथा सञ्जालको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. बालक्लब तथा सञ्जालको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने।

४. बालक्लब तथा सञ्जालको निर्णय र बालमैत्री स्थानीय शासन गाउँपालिका समिति, बाल अधिकार संरक्षण समिति तथा बालमैत्री स्थानीय शासन वडा समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने।

५. बालक्लबको प्रतिनिधि चयन गरी पठाउने वा बालक्लबको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने।

७. सात दिनभन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने।

८. बालबालिकासँग सम्बन्धित कार्यक्रममा आमन्त्रण भए सहभागी हुने।

९. बाल अधिकार सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न गाउँपालिकालाई सहयोग गर्ने।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने।

२. बाल अधिकार रक्षाका लागि सदैव तत्पर हुने र समितिलाई आवश्यक सुझावहरु दिने।

३. तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको सल्लाहमा वैठक आयोजना गर्ने, निर्णय पुस्तिका सुरक्षित राख्ने।

२. बालक्लब तथा सञ्जालमा आवद्ध बालबालिकाहरुको अभिलेख राख्ने।

३. बालक्लबको चल, अचल सम्पत्ति तथा जिन्सी सामाग्रीको लगत राख्ने।

४ बालक्लब तथा सञ्जालको प्रशासकीय कार्य गर्ने।

५. प्रतिवेदन तयार गरि वैठक तथा साधारण सभामा पेश गर्ने।

६. तोकिएको अन्य कार्य गर्ने।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने।

२. बाल अधिकार रक्षाका लागि सदैव तत्पर हुने र समितिलाई आवश्यक सुझावहरु दिने।

३. तोकिएको अन्य कार्य गर्ने।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. क्लब तथा सञ्जालको आय व्ययको हिसाव राख्ने।

२. वजेट तयार गरी बालक्लब तथा सञ्जालको वैठकमा पेश गर्ने।

३. आर्थिक सहयोग जुटाउने।

४. आर्थिक प्रतिवेदन तयार गरि वैठकमा पेश गर्ने। -

**च. सदस्यको काम कर्तव्य र अधिकार :**

१. बालमैत्री कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने तथा बैठकमा सहभागी हुने।

२. वैठकमा निर्णयको लागि आफ्नो विचार पेश गर्ने।

३. बालक्लव वा सञ्जालको निर्णय अनुसार तोकिएका कार्य गर्ने।

४. बालक्लब तथा सञ्जालको हित हुने अन्य रचनात्मक कार्य गर्ने।

**१०. बालसंरक्षण प्रणालीको लागि गाउँपालिकाले गर्ने प्रमुख कार्यहरू :**

**१. बालसंरक्षणका सवालहरूको पहिचान**

स्थानीय समुदायमा बाल संरक्षणका सवालहरु कस्ता कस्ता छन् तिनीहरुको पहिचान गरि सम्बन्धित सरोकारवालाहरुलाई कार्यान्वयनका लागि सहयोग गर्ने र समन्वय गर्ने।

**२. आपत्कालिन बालसंरक्षण कोषको स्थापना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले बाल संरक्षण कोषको स्थापना गर्ने व्यवस्था गरेको हुदाँ बालसंरक्षण सम्बन्धी घटनाहरू तत्काल सम्बोधन गर्न, परिवार तथा बालबालिकालाई तत्काल सहयोग गर्नको लागि स्थानीय आपत्कालीन बालसंरक्षण कोषको स्थापना तथा सञ्चालन गरिनेछ। यसै कोष मार्फत आपत्कालिन सहयोग गरिनेछ।

**३. सेवा प्रदायकको पहिचान र सूचिकृत प्रणालीको व्यवस्थापन :**

बालसंरक्षण सम्बन्धी सेवा प्रवाह गर्ने सरकारी तथा गैर सरकारी संघसंस्था, विभिन्न कोष, बालगृह लगायत सो क्षेत्रमा कार्य गर्ने अन्य सेवा प्रदायकहरुको पहिचान गरी गाउँपालिकाको सामाजिक विकास शाखामा सूचीकृत गरिनेछ। सेवा प्रदायकहरुबीच सेवाहरूको लागि सिफारिस लिने दिने आधार तथा सम्प्रेषण प्रणाली तत्काल शुरुवात गरिनेछ ।

**४. बालसंरक्षण सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन :**

बालसंरक्षणको सम्बन्धमा योजना तर्जुमा, लक्षित क्षेत्र तथा समूह निर्धारण, उपलब्धिको समिक्षा जस्ता व्यवस्थापकीय कार्यको लागि विभिन्न विवरण, तथ्याङ्क तथा सूचनाहरूको अभिलेख तयार गरि राखिनेछ।

**५. बालसंरक्षण सम्बन्धी स्थिति प्रतिवेदन प्रकाशन :**

गाउँपालिकामा संकलन तथा अभिलेखन गरिएका तथ्याङ्कको आधारमा बालबालिका सम्बन्धी स्थानीय तहको वार्षिक स्थिति प्रतिवेदन तयारी, प्रकाशन तथा त्यस्ता तथ्याङ्क तथा प्रतिवेदन तथा प्रदेशका बालसंरक्षण हेर्ने निकायसँग आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद– ३

**११. बालसंरक्षणको सम्बन्धमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रभरि कुनै पनि बालबालिकाको तत्काल संरक्षण गर्नुपर्ने अवस्था आएमा गाउँपालिकाले ती बालबालिकाको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। बाल संरक्षण सम्बन्धी कार्यहरूको संयोजन, सहजीकरण, सहयोग र अनुगमन गाउँपालिकाबाट हुनुपर्दछ। गाउँपालिकाले बालसंरक्षण प्रणाली व्यवस्थित गर्नका लागि देहायका सूचकहरुमा विशेष ध्यान दिनेछ ।

**११.१ गाउँपालिकास्तरीय बाल संरक्षणका प्रमुख सूचकहरु**

१. गाउँपालिकामा बाल संरक्षण सम्बन्धी कार्यको लागि कार्यविवरण सहित कर्मचारी तोकिएको वा स्थायी कर्मचारीको नियुक्त भएको, कर्मचारी तथा पदाधिकारी बीच बाल संवेदनशिलताबारे छलफल, अभिमुखीकरण, तालिम भएको ।

२. गाउँपालिकास्तरमा बालसंरक्षण सम्बन्धी घटनाहरूलाई तत्काल सहयोग गर्न सकिने आपत्कालीन बालसंरक्षण कोष उपलब्ध भएको ।

३. बालसंरक्षणका सवालहरूको रोकथाम, जोखिम न्यूनीकरण तथा प्रतिक्रिया सम्बन्धी कार्यहरू गाउँपालिकाको वार्षिक योजनामा समावेश भएको ।

४. गाउँपालिकामा बालसंरक्षणका प्रमुख सवालहरूको पहिचान भई अभिलेख तयार भएको ।

५.बालसंरक्षणको सम्बन्धमा आवश्यक विभित्र विवरण, तथ्याङ्क तथा सूचनाहरू नियमित संकलन तथा सार्वजनिक गरिएको ।

६.बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानुनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि अन्य सरोकारवालाहरुको सहयोग र समन्वयमा गाउँपालिकाबाटै व्यवस्थापन गर्न सक्षम भएको ।

७. गाउँपालिका स्तरीय बाल अधिकार संरक्षण समिति र बालमैत्री स्थानीय शासन वडा समिति सक्रिय र चलायमान भएको ।

८. गाउँपालिकाको पुर्व स्विकृति र सहमति विना कुनै पनि निकायले बालबालिका सम्बन्धि कार्य गर्ने नगरेको ।

९. बाल संरक्षणका समस्याहरुको सम्बोधनका लागि बालसंरक्षणको क्षेत्रमा क्रियाशील संघीय, प्रादेशिक, तथा गाउँपालिकामा कार्यरत अन्य निकाय तथा संघसंस्था, संयन्त्रहरुसंग आवश्यकतानुसार समन्वय, परिचालन, सहकार्य गरिएको ।

१०. सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन

अनगुमन र नियमनका लागि संघ, प्रदेश सरकार, विभिन्न संघसंस्थासँग समन्वय गरि सिफारिस र कार्यान्वयन गर्न सक्षम भएको।

**११.२ बालसंरक्षणको सम्बन्धमा वडा समितिको काम कर्तव्य र अधिकार**

१. बालविवाह, बहुविवाह, लैङ्गिकहिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने ।

२. बालमैत्रीका सूचकहरु पुरा गरि वडालाई बालमैत्री वडा घोषणा गर्ने ।

३. वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने।

४. सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने ।

५. संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने।

६. अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने ।

७. विपदका बेलामा बालबालिकालाई चाहिने सवै व्यवस्थाहरु उपलब्ध गराउन पहल गर्ने।

८. व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित गर्ने ।

**११.३ स्थानीय तहमा बालसंरक्षण सम्बन्धी कार्य सम्पादनका लागि आवश्यक अन्य तत्वहरू :**

क) राजनैतिक प्रतिवद्धता ।

ख) प्रशासनिक संरचना तथा सामुदायिक संयन्त्र

ग) मानव तथा आर्थिक स्रोत

घ) विभिन्न क्षेत्रबीच सहकार्य

**१२ बालसंरक्षणसँग सम्बन्धित कानून, नीति, रणनीति तथा मार्गदर्शन**

**१२.१ कानुन**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- बालबालिका सम्बन्धी ऐन, २०७५
- मुलुकी देवानी संहिता ऐन, २०७४
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२
- बाल अधिकार सम्बन्धि महासन्धी (CRC) १९८९
- लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्ध कार्य संचालन कार्यविधि, २०६८ (प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय)
- सोहौं योजना (२०८१/८२-२०८५/८६)
- दिगो विकासका लक्ष्य
- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी (CEDAW) १९७९
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०७५ तथा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०७७
- आवसीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ (महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय)
- मानव बेचबिखन तथा ओसारपोसारबाट पीडित र प्रभावितहरुको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ (महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय)

- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ (नेपाल सरकार)
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ (गृह मन्त्रालय)
- बालन्याय (कार्यविधि) नियमावली, २०६३
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ (नेपाल सरकार)
- बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ (नेपाल सरकार)

**१२.२ बालबालिकासँग सम्बन्धित क्षेत्रगत योजना**

क) मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को कार्यान्वयन योजना, २०७१ ।

ख) मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८ –२०८१/०८२) ।

ग) विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४ – २०७९/०८०) ।

**१२.३ बालअधिकारको विभिन्न क्षेत्रसँग सम्बन्धित अन्य नीति, रणनीति तथा मार्गदर्शन**

क) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

ख) आन्तरिकरुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०६३

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६

घ) बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०७६

ङ) भयमुक्त सिकाई वातावरणका निमित्त नीतिगत व्यवस्था, २०६७

च) विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८

छ) गुनासो सुनुवाई कार्यविधि, २०७३

ज) गुणस्तरीय शिक्षाका लागि बालमैत्री विधालय राष्ट्रिय प्रारूप, २०६७

**१३. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कोषको स्थापना :**

आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने काम समेतको लागि गाउँपालिकाको कार्यालयमा आपतकालीन बाल संरक्षण कोष स्थापना गरिने छ ।

**१३.१ आपत्कालिन कोषको रकम देहायको अवस्थामा मात्र प्रयोग गरिनेछ ।**

- जोखिमपूर्ण श्रममा संलग्न रहेका तथा हराएको वा वेवारिसे अवस्थामा फेला परेका ।
- ऋणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रम बाट पीडित भएका ।
- शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएका ।
- दूर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेका ।
- बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएका ।
- यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसार परेका ।
- हिंसाबाट प्रभावित भएका तथा बाबुआमा वा संरक्षक बाट वन्चित भएका ।
- अपाङ्गता भएका तथा सुस्तमनस्थिति भएका ।
- अपहरण वा शरीर बन्धकमा परेका ।
- सडक बालबालिका ।
- एच.आई.भी. एड्स संक्रमित भएका ।

- समितिले तोकेको अन्य बालबालिका ।

**१३.२ गाउँपालिकाको कार्यालयमा रहेको बाल कोषमा देहाय वमोजिमको रकमहरु रहनेछ ।**

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**१३.३ बाल कोष सञ्चालन समिति :**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| घ) गाउँपालिकाको बालबालिका शाखा प्रमुख | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

समितिको वैठकमा बालबालिका वसोवास गर्ने सम्बन्धित वडा अध्यक्षलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

**१३.४ समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गरि पुर्नस्थापना केन्द्रमा सिफारिस गर्ने ।

ख) तत्काल उपचार गर्ने बालबालिकाहरुलाई आवश्यक औषधि उपचार, लत्ताकपडा, खाना तथा आवासको व्यवस्था गर्ने ।

ग) जोखिम अवस्थामा भएका बालबालिकाको पहिचान गर्ने । संरक्षण कोष खर्चको मापदण्ड तयार गर्ने ।

घ) बाल संरक्षणमा काम गर्ने सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

ङ) कोषको रकम प्रयोग भएको नभएको सम्बन्धमा अनुगमन गर्ने ।बुदाँ नं १२.१ मा उल्लेख भएका शिर्षकमा मात्र कोषको रकम प्रयोग गर्ने ।

च) कोषको रकम वृद्धि गर्न पहल गर्ने र वार्षिक रुपमा बजेट विनियोजन गरि कोषमा जम्मा गर्ने ।

**१३.५ समितिको बैठक र निर्णय :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य–सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा गरी खर्च गर्नसक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

ङ) समितिका पदाधिकारी तथा सदस्यहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्ने छन् ।

**१३.६ कोषको खाता सञ्चालन**

(क) समितिको निर्णय अनुसार इजाजत प्राप्त बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

ग) आपत्कालिन खर्च गर्नुपर्ने भएको हुदाँ सामाजिक विकास शाखा (महिला बालबालिका शाखा) वा लेखा शाखामा पेटी क्यास राखि प्रयोग गरिनेछ ।

**१३.७ रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कोषको लेखा र लेखा परीक्षण :** (क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१५. प्रतिवेदन पेश गर्ने :** समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन बार्षिक समिक्षा कार्यक्रममा प्रस्तुत गर्नुपर्दछ ।

## परिच्छेद ४

## विविध

**१६. स्रोत व्यवस्थापन :** मालिका गाउँपालिकाले बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्य सञ्चालन गर्नका लागि वार्षिक योजना तर्जुमा गर्दा बाल संरक्षण कार्यका लागि शिर्षक अनुसार कार्यक्रम निर्माण गर्नुपर्दछ । नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक स्रोत र विभिन्न दातृसंस्थाहरुको समेत बजेट एकिकृत गरि स्रोत व्यवस्थापन गरिनेछ ।

**१७. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालमैत्रीका सूचकहरु पुरा गर्न तथा बालसंरक्षण र सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, जनप्रतिनिधि, कर्मचारी, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई मालिका गाउँपालिकाले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१८. कार्यविधिको व्याख्या गर्ने वा वाधा अडकाउ फुकाउने अधिकार :** यो कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार मालिका गाउँपालिकालाई हुनेछ ।

**१९. खारेजी र बचाउ :** यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित संघीय तथा प्रदेश सरकारका कानूनसँग बाँझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरू अमान्य हुनेछ र संघीय तथा प्रदेश सरकारको कानूनमा लेखिएका कुराहरू मान्य हुनेछ ।

**अनुसूची – १**

**बालक्लव सूचीकृत प्रमाण-पत्रको नमुना**

**मालिका गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दरबाङ, म्याग्दी

गण्डकी प्रदेश नेपाल

आबद्धता नं. मिति :

............................................बालक्लव

वडा नं. .......... टोल..........................

म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं. .......... को ........................................................ विद्यालय/समुदायमा गठन भएको ....................................................... बालक्लवलाई यस मालिका गाउँपालिका गाउँ कार्यपालिकामा आवद्धता गरी बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१ को परिच्छेद २(८) ले व्यवस्था गरे अनुसार आवद्धता प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार र सम्बर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी कानुनहरुको अधिनमा रही मालिका गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत :

**अनुसूची- २**

**निवेदन पत्रको ढाँचा**

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

मालिका गाउँ कार्यपालिकाको कार्यालय

दरबाङ,म्याग्दी ।

विषय : बालक्लव सूचीकृत गरी पाऊँ भन्ने बारे ।

महोदय,

हामीले ............................................................ नामको बालक्लव खोल्न चाहेकोले मालिका गाउँपालिकाबाट स्वीकृत "बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१" को परिच्छेद २(८) ले गरेको व्यवस्था बमोजिम बालक्लव सूचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौ ।

प्रस्तावित बालक्लवको आवद्धताका लागि देहायका आवश्यक कागजातहरु यसै साथ संलग्न गरी क्लव दर्ताको लागि पेश गरेका छौं ।

देहाय :-

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरु :

१. अनुसूची २ अनुसारको निवेदन
२. अनुसूची ५ अनुसारको विधान २ प्रति
३. बालक्लवको निर्णय
४. विद्यालयको हकमा विद्यालयको सिफारिस
५. वडाको सिफारिस
६. बालक्लवको कार्यसमितिका सदस्यको विवरण र जन्मदर्ताको प्रतिलिपि

| क्र.स. | पद. | नाम | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**अनुसूची – ३**

बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनमा मालिका गाउँपालिका वा वडाले संचालन गर्ने क्रियाकलापहरु

१. बाल बचावट :

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधीको पर्याप्तता | • स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभुत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चितता गर्ने ।<br>• स्वास्थ्य विमा लागू भएका क्षेत्रहरुमा सबै बालबालिकाको स्वास्थ्य विमा प्रवर्द्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य विमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरुको प्रभावकारी सम्बोधन | • किशोर किशोरीलाई मुलतः यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनीयता कायम गर्न स्वास्थ्यकर्मीहरुलाई संवेदनशील बनाउने । |
| गर्भावस्था वा प्रसुतिपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | • जनचेतना अभिबृद्धिका लागि स्वास्थ्य केन्द्रहरुको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने<br>• विभिन्न स्थानहरुमा शिविरहरु संचालन गर्न लगाउने ।<br>• गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवती महिलालाई पोषणयुक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने। |
| स्वास्थ्य उपचारको क्रममा हिंसाजन्य कारणको आभाष हुनु । | • कुनै पनि बालबालिकालाई स्वास्थ्य उपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही/ दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभाष भएमा स्वास्थ्यकर्मीले सो बारे नजिकको प्रहरी/बाल अधिकार संरक्षण समिति/सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने। |

२. बाल संरक्षण

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|
| विविध कारणहरुले सडक लगायतका सार्वजनिक स्थानमा आश्रित बालबालिका | • बालबालिका सडकमा आउने कारक तत्वहरु बारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने ।<br>• परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने ।<br>• सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासंग समन्वय गरी तत्काल उद्धार तथा व्यवस्थापन गर्ने, पारिवारीक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना पुनर्एकीकरण गर्ने ।<br>• सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र संचालनमा सहयोग गर्ने । |
| अनाथ असहाय वा बेवारिसे अवस्थाका बालबालिका | • कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारिसे भएका बालबालिकाको पहिचान गरी सूचना अद्यावधिक गर्ने ।<br>• यस्ता बालबालिकाका लागि अस्थायी आवास तथा पुनर्स्थापनको व्यवस्था गर्ने ।<br>• यस्ता बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउने ।<br>• परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासिय बालगृह वा अन्य बैकल्पिक स्याहारको व्यवस्था गर्ने । |

| | |
|---|---|
| | • वैकल्पिक स्याहार प्रदान गर्ने योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरुको पहिचान तथा सूचीकरण गर्ने । |
| अपाङ्गता भएका बालबालिका | • अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने ।<br>• अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रबृत्ति जस्ता सेवाहरुको नक्साङ्कन तथा सूचीकरण गर्ने ।<br>• सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, संचालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैरसरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन निर्देशिका, २०६८ बमोजिमका अन्य कार्यहरु गर्ने । |
| बालविबाह | • बालविवाह आर्थिक, सामाजिक तथा स्वास्थ्य एवं व्यक्तित्व विकास सम्बन्धी असर र कानूनी प्रावधान आदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।<br>• बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।<br>• बालविवाहका घटनाको दर्ता र सोको महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम अन्त्य गर्ने गराउने | • बालश्रम हुने सम्भावित निजी तथा व्यवसायिक क्षेत्रको नियमित अनुगमन गर्ने ।<br>• बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने नगराउने ।<br>• निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषण तथा हरियो झण्डा अभियान (बालश्रम मुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना आदि) संचालन गर्ने ।<br>• घरेलु बालश्रमिक विरुद्ध हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरुमा पहुँच स्थापना गर्ने । |
| बालबालिकाको बेचबिखनको अन्त्य | • देशभित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय बालक्लव, बिद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>• बालबालिकाको बेचबिचखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसंस्थाहरुसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरुमा चेक पोष्टहरुको व्यवस्था गर्ने।<br>• बेचविखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ता, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना आपतकालिन संरक्षण, परामर्श, कानुन उपचार तथा जीवनपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनका नाममा दिइने शारीरिक तथा मानसिक दण्डसजाय | • घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, केन्द्र कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुनसक्ने सजाय तथा कानुनबारे प्रचार प्रसार गर्ने ।<br>• विद्यालयमा भयरहित बातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । |

| | |
|---|---|
| | |
| यौन शोषण वा दुर्व्यवहार | • बालबालिकामाथि हुने यौनशोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा बालक्लव, अभिभावक शिक्षक आदिलाई खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु, प्रशिक्षण मार्फत सचेतना अभिबृद्धि गर्ने ।<br>• शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाइ (बुलिङ) | • हेपाईले बालबालिकाको मानसिक तथा बौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरुको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाई हुने सम्भावित स्थलमा (खास गरी विद्यालयमा) विभिन्न कार्यक्रमहरु आवश्यक पर्दछ, जस्तै :<br>• हेपाई नगर्ने र नगराउनेबारे विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>• हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारको सहयोग लिने । |
| विपदमा बालबालिकाको संरक्षण | • सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरि सोको नियन्त्रणका लागि आवश्यक कार्य गर्ने ।<br>• विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रबन्ध मिलाउने ।<br>• विपद् मा परेका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक अस्थायी सिकाई केन्द्रहरुको व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>• विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यमबाट बालबालिका माथि हुनसक्ने जोखिम | • इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानिबारे शिक्षक बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने ।<br>• इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्ने । |
| लागु पदार्थ दुर्व्यसानी तथा ओसारपोसार | • लागुपदार्थ दुरुपयोगबाट हुनसक्ने हानीबारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने ।<br>• दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनाका लागि विभिन्न संघसंस्था तथा निकायहरुको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने ।<br>• लागुपदार्थको ओसारपोसारमा बालबालिकाको संलग्नलाई नियन्त्रण गर्न सीमाक्षेत्र नाकाहरुमा विशेष निगरानीको व्यवस्था गर्ने । |

३. बालविकास

| विषयहरु | सम्बोधन कार्यहरु |
|---|---|

| | |
|---|---|
| समयमा पाठ्यपुस्तकको उपलब्धता | • आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यार्थीहरुको संख्या एकीन गरी समयमै पाठ्यपुस्तकको व्यवस्थापनका लागि पालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने ।<br>• सबै बालबालिकाले समयमै पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृत्तिको अनुगमन | • विविध बालक्लवका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरुको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |
| विद्यालयमा शौचालय, सरसफाई सामाग्री, खानेपानी लगायतका आधारभुत पुर्वाधार | • छात्र र छात्राको लागि छुट्टाछुट्टै, अपाङ्गता शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने ।<br>• छात्राहरुका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोग पश्चातको व्यवस्थापन गराउने ।<br>• स्वच्छ खानेपानी उचित व्यवस्थापन गर्ने गराउने । |
| बालबालिकाको शैक्षिक नियमितता | • निशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतिकरण गर्ने ।<br>• विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतका व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्ने ।<br>• आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| शिक्षण सिकाइ नियमितता | • शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने गराउने । |
| भेदभाव तथा हेपाई | • विद्यालयहरुमा कुनै पनि दृष्टिकोणबाट विद्यार्थी विद्यार्थी विच हुने वा विद्यार्थी माथि हुने कुनै पनि किसिमको भेदभाव, हेपाइ, दुर्व्यवहार हुन नदिन विद्यालय बाल संरक्षण नीति/आचार संहिता बनाई लागु गर्ने ।<br>• विद्यालयमा उजुरी पेटीका राखुको साथै यस सम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समय समयमा अनुगमन गर्ने । |
| प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | • आफ्नो कार्य क्षेत्र भित्र बालबालिकाको पहुँच हुने गरि प्रारम्भिक बालविकास केन्द्रहरु संचालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्री संचालनका लागि सहजीकरण गर्ने । |
| विद्यालय मनोविमर्श सेवाको व्यवस्था गर्ने | • प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थय कार्यक्रम संचालन | • विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालनको व्यवस्था गर्ने ।<br>• आफ्नो कार्य क्षेत्रभित्र रहेका विद्यालयहरुमा बालबालिकाको नियमिति स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने । |

४. सहभागिता

| विषयहरु | संवोधन कार्यहरु |
|---|---|
| बालक्लवको सूचीकृत तथा गठन | • आफ्नो कार्यक्षेत्र भित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लवहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने ।<br>• बाल संरक्षणका सवालहरु पहिचान तथा सम्बोधनका लागि बालक्लवहरुको आवश्यक |

| | |
|---|---|
| | परिचालन गर्ने |
| योजना तर्जुमाको क्रममा अर्थपुर्ण बाल सहभागिता | • पालिकास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।<br>• पालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरुमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित) । |
| बाल सहभागीता बारे सचेतना | • परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बाल सहभागिताको महत्वबारे अवधारणा स्पष्टताका लागि आवश्यक अन्तरक्रिया तथा अभिमुखिकरण गर्ने । |

**अनुसूची-४**

**बालमैत्री स्थानीय शासनका लागि ५१ वटा सूचकहरु**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार बालमैत्री स्थानीय तह घोषण गर्नका लागि नेपाल सरकारले राष्ट्रियस्तरका न्यूनतम सूचकहरु तय गरि कार्यान्वयनमा ल्याएको छ ।गाउँपालिकाले आफ्नो भुगोल क्षमता र आर्थिक अवस्था समेतका आधारमा थप सूचकहरु तय गरि बालमैत्री अभियान संचालन गर्न सक्नेछ ।

**बालमैत्री संरक्षण तथा सम्बर्द्धनमा मालिका गाउँपालिका वा वडाले सम्बोधन गर्नुपर्ने बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू**

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक | न्यूनतम सूचक पुरा भए नभएको | सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| **क** | **बाल बचाउ** | | | | |
| १ | गर्बवती महिलाहरुले कम्तिमा प्रसुती पुर्व चारपटक र प्रसुती पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | | ९५ प्रतिशत | | HIMS |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनेछन् । | | ९५ प्रतिशत | | HIMS |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा ) खाएको हुनेछन् । | | ९५ प्रतिशत | | HIMS |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका | | ८० प्रतिशत | | HIMS |

| | | | | | |
|---|---|---|---|---|---|
| | हुनेछन् । | | | | |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पुर्ण स्तनपान गराएका हुनेछन् । | | ८० प्रतिशत | | HIMS |
| ६ | ६ महिनादेखी पाँच वर्षमुनिका सबै बालबालिकालाई पूर्ण स्तनपान गराएका हुनेछन् । | | १०० प्रतिशत | | HIMS |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पुर्ण खोप प्राप्त गरी पुर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | | १०० प्रतिशत | | HIMS |
| ८ | HIV संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophyaixis पाएका हुनेछन् । | | १०० प्रतिशत | | HIMS |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन । | | १०० प्रतिशत | | HIMS |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | ८० प्रतिशत | | HIMS |
| ११ | अति कडा कुपोषण भएका बालबालिका संख्या सुन्य भएको हुनेछ । | | १०० प्रतिशत | | HIMS |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानी सुविधा उपलब्ध भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिका र नेपाल सरकार तथा प्रदेश सरकारको तथ्याङ्क |
| १३ | चर्पी गए पछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटी विकास भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिका र नेपाल सरकार तथा प्रदेश सरकारको तथ्याङ्क |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिका र नेपाल सरकार तथा प्रदेश सरकारको तथ्याङ्क |
| ख | बाल संरक्षण | | | | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिका जन्म दर्ता भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| १६ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनस्थापना भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| १७ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण र प्रहरी तथा अन्य निकायको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक संस्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरूद्ध हुने हिंसा, बेचविखन, शोषण, बेपत्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | | ८० प्रतिशत | | गाउँपालिकाको विवरण र प्रहरी तथा अन्य निकायको प्रतिवेदन |
| १९ | सामुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भै संचालनमा ल्याइएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | ९५ प्रतिशत | | गाउँपालिकाको विवरण र प्रहरी तथा अन्य निकायको प्रतिवेदन |
| २१ | मालिका गाउँपालिकाले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ (सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| २४ | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| **ग** | **बाल विकास** | | | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिश रहेको हुनेछ । (अपाङ्गता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्नेछ ) । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण र शिक्षा सम्बन्धी नेपाल सरकारको प्रतिवेदन |
| २६ | ५ देखि १४ वर्ष उमेर समुहका सतप्रतिशत बालबालिका आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म ) पुरा गरेका हुनेछन् । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण र शिक्षा सम्बन्धी नेपाल सरकारको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुबिधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण र नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरुको प्रतिवेदन |
| २८ | सबै विद्यालयमा पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण र नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरुको प्रतिवेदन |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ । | | १०० प्रतिशत | | विद्यालयको प्रतिवेदन र गाउँपालिकाको विवरण |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण |
| **घ** | **बाल सहभागिता** | | | | |
| ३१ | स्थानीय तहको समावेशी आधारमा बाल संजाल गठन भै क्रियासिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन) रहेको हुनेछन । | | ९५ प्रतिशत | | बाल क्लव गठन तथा क्रियाशिलता विवरण देखिने दस्तावेज |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियासिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन ) रहेको हुनेछन् । | | ९५ प्रतिशत | | बाल संजाल गठन तथा क्रियाशिलता विवरण देखिने दस्तावेज |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विधालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण, गाउँ शिक्षाको कानुन बमोजिम कार्यपालिकाको निर्णय |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/सञ्जालको प्रतिनिधित्व रहनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विवरण, गाउँपालिकाको कानुन |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको सस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | ९० प्रतिशत | | गाउँपालिकाको विवरण, गाउँपालिकाको कानुन |
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरु | | १०० प्रतिशत | | सहभागितामुलक |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | | | | योजना पद्धतिबाट योजना छनोट तथा गाउँपालिकाको बार्षिक योजना दस्तावेज |
| **ङ** | **संस्थागत विकास** | | | | |
| ३७ | वडा/गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन् । | | १०० प्रतिशत | | समिति गठन तथा त्यसको क्रियाशिलता देखिने गाउँपालिकाको विवरण |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुनेछन । | | १०० प्रतिशत | | बालमैत्री आचार संहिताको दस्तावेज तथा गाउँपालिकाको विवरण |
| ३९ | गाउँपालिकामा कम्तिमा एक बाल उधान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेको हुनेछ । | | ८० प्रतिशत | | उद्यान र सिकाई स्रोत केन्द्र निर्माण भएको देखिने गाउँपालिकाको विवरण |
| ४० | बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | | १०० प्रतिशत | | बालबालिकाको विस्तृत विवरण, विकास योजना र बालबालिकाको क्षेत्रमा लगानी देखिने योजनाको गाउँपालिकाको विवरण |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पुर्व वार्षिक रुपमा वडा/गाउँपालिका तहको बालभेला आयोजना गरी बालाभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरीएको हुनेछ । | | १०० प्रतिशत | | बाल भेला र निर्णय देखिने स्थानीय तहको विवरण |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धि स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १०० प्रतिशत | | स्थितिपत्र प्रकाशन भएको देखिने गाउँपालिकाको विवरण |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन् । | | १०० प्रतिशत | | स्वीकृत मापदण्ड पालना भएको देखिने गाउँपालिकाको विवरण |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विधार्थीहरुको लागि बालमैत्री, बातावरणमैत्री र विपद व्यवस्थापन सम्बन्धि अतिरिक्त कक्षा संचालन गरेको हुनेछन् । | | १०० प्रतिशत | | गाउँपालिकाको नीति/ कानुन कार्यान्वयन भएको देखिने विवरण |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय | | ८० प्रतिशत | | गाउँपालिकाको नीति/ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुको जीवन उपयोगी शिक्षा (व्यावसायिक तथा सिपमुलक तालिम) प्राप्त गरेका हेनेछन् । | | | | कानुन कार्यान्वयन भएको देखिने विवरण |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको स्थानीय प्रहरी चौकीमा बालमैत्री इकाई स्थापनाको विवरण |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधानहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १०० प्रतिशत | | गाउँपालिकाको नीति, कानुन र कार्यान्वयन भए देखिने विवरण |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तानपान कक्षको व्यवस्था भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको नीति/ कानुन कार्यान्वयन भएको देखिने अभिलेख |
| ४९ | बसपार्क, सिनेमा हाल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको नीति/ कानुन कार्यान्वयन भएको देखिने अभिलेख |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपदको समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको विपद व्यवस्थापन योजना र कार्यान्वयन भएको देखिने विवरण |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १०० प्रतिशत | | गाउँपालिकाको नीति/कानुन कार्यान्वयन भएको देखिने अभिलेख |

**अनुसूची ५**

**श्री ..................................................................बालक्लव,**

**मालिका गाउँपालिका ...................... वडा**

**बालक्लवको विधान- २०८१**

**प्रस्तावना**

बालअधिकारको संरक्षण र सम्बर्द्धनमा स्वयं हामी बालबालिकाबाटै सहयोग पुऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपुर्ण सहयोगी सरोकारवाला पक्षहरुमा सचेतना अभिबृद्धि गर्दै हामी बालबालिकाको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाको बाल बचावटको अधिकार, बालविकासको अधिकार, बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपुर्ण योगदान गर्ने र आफ्नो अधिकार लिन बाल सहभागिताको अधिकारमार्फत हामी बालक्लवका सम्पुर्ण पदाधिकारीहरु सहमत भई हाम्रो बालक्लवको नाम .................................................. बाल क्लव राखी ..................... वडा नं. ..................... को .............................................. मा क्लवको सम्पर्क कार्यालय रहने गरी मालिका गाउँपालिका बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१, बमोजिम यो विधान लागु गरिएको छ ।

**परिच्छेद – १**

**संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस क्लवको नाम ........................................... बालक्लव रहनेछ । यो बालक्लव विद्यालय वा समुदायस्तरको बालक्लवको रुपमा रहनेछ ।

१.२ यो विधान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

१.३ यस क्लवको सम्पर्क कार्यालय .................................... वडा नं. ............. को .............................................. मा रहनेछ ।

१.४ यस क्लवको छुट्टै छाप रहनेछ । लोगो अनुसूची (क) मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**परिच्छेद-२**

**परिभाषा, उद्देश्य तथा सदस्यता**

**२. परिभाषा**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

२.१ "बालक्लब" भन्नाले बालक्लबले तोकेको सेवा क्षेत्रभित्रका ८ बर्षदेखि १८ बर्षसम्मका सबै बालबालिकाको संगठित समूहलाई जनाउनेछ ।

२.२ "सदस्य" भन्नाले यस विधान बमोजिम क्लबको सदस्यता प्राप्त बालबालिका सम्झनुपर्दछ ।

२.३ "विधान" भन्नाले बालक्लबको विधान सम्झनुपर्नेछ ।

२.४ "साधारण सभा" भन्नाले क्लबको वार्षिकरुपमा हुने सभालाई जनाउँदछ ।

२.५ "कार्यसमिति" भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.६ "सल्लाहकार समिति" भन्नाले बालक्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेका अन्य बालबालिकाको बालक्लबलाई जनाउनेछ ।

२.७ "उपसमिति" भन्नाले आवश्यता अनुसार गठन भएका सदस्यहरूको बालक्लबलाई जनाउनेछ

२.८ "बालक" भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

**३. क्लबको उद्देश्य :**

निम्न उद्देश्यहरू लिई यो बालक्लब स्थापना गरेका छौं ।

- हामी बालबालिकाको भविष्यको लागि राम्रो जग बसाउन,
- हामी निश्क्रिय रहने समयको सदुपयोग गर्न,

- बालक्लबमा आवद्ध सवै सदस्यहरु बसेर बाल अधिकार सम्बन्धि छलफल गर्न,
- हामी बालबालिकामा सामाजिक एकताको भावना जागृत गराउन,
- हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन।
- बालअधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न,
- हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न
- बालअधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरूमा समुदायमा रहेका सम्पूर्ण दलित, अपांग, पछाडि पारिएका बालबालिका, विद्यालय जान नपाएका, विद्यालय छाडेका र विद्यालय पढ्दै गरेका बालबालिकाको समेत सामूहिक सहभागिता जुटाउन,
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन लागू गर्न सूचकहरूमा काम तथा पैरवी गर्ने

**४. क्लबको उद्देश्य प्रासिका लागि समुदायमा गर्न सकिने क्रियाकलापहरू**

क) क्लबको सदस्यता वितरण ।

ख) कार्यसमितिको चयन ।

ग) वार्षिक कार्ययोजना निर्माण ।

घ) कार्ययोजना बमोजिम विविध कार्यक्रमहरू सञ्चालन गर्न ।

□ चेतनामूलक कार्यक्रमहरू (एच.आई.भी/एडस, लैंगिक विभेद, सरसफाई, बालबालिका उपरको दुर्व्यबहार र दण्ड सजाय, बालविवाह, दाइजो, अपहरण, कुटपिट, बेचबिखन, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग आदिका विरुद्धका अभियानहरू, (सडक नाटक, दोहोरी गीत, लोक गीत, वक्तृत्वकला, सार्वजनिक सुनुवाई, निवन्ध, चित्रकला, र्‍याली, अन्तरक्रिया),

□ प्रतियोगितात्मक कार्यक्रमहरूः खेलकुद, विभिन्न विषयमा वादविवाद, चित्रकला, हाजिरी जवाफ, वक्तृत्वकला आदि ।

□ सरसफाइ कार्यक्रमहरू : घरपरिवार र समुदाय तथा व्यक्तिगत सरसफाइसँग सम्बन्धित चेतनामूलक अभियानहरू सञ्चालन गर्न सक्नेछन् ।

□ विद्यालय भर्ना र भर्ना भएका बालबालिकाको नियमित अनुगमन गर्ने, तथा विद्यालय जान उत्प्रेरित गर्ने

□ विविध कार्यक्रमहरू : सर्वेक्षण, विश्लेषण, खोप कार्यक्रमहरूमा स्वयंसेवक, घरभेट कार्यक्रम ,सांस्कृतिक कार्यक्रम, विद्यालय भर्नाका लागि कार्यक्रम लगायत अनाथ, अपाङ्ग र विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, अन्तर बालक्लब भ्रमण, अन्तरबालक्लब प्रतियोगितात्मक कार्यक्रमहरू र बालभित्ते पत्रिका प्रकाशन ।

**५ . सदस्यता सम्बन्धी व्यवस्था :**

५.१ सदस्यको प्रकार :

बालक्लबमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

क) साधारण सदस्य

ख) कार्यसमिति सदस्य

ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरू :

क) क्लबको सदस्यता लिनको लागि ८ वर्ष पूरा भई १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटनेछन् र सल्लाहकारका रुपमा कार्य गर्न सक्नेछ ।

ग) समुदायका तोकिएका सेवा क्षेत्रका सम्पूर्ण बालबालिका क्लबको साधारण सदस्य बन्न सक्नेछन् ।

घ) प्रत्येक सदस्यहरूले क्लबले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद-३
## साधारणसभा तथा कार्यसमिति

**६. बैठकसम्बन्धी व्यवस्था :**

६.१ कार्यसमितिको बैठक कम्तीमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारणसभा वर्षको १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरूले साधारण सभा बोलाई पाऊँ भनी क्लबका अध्यक्ष समक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

६.३ साधारणसभाका लागि ७ दिन अगावै साधारणसभा हुने स्थान, समय, मिति र छलफलका बुँदाहरू सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

**७. कार्यसमिति गठन विधि र पदावधि :**

७.१ साधारण सभाले प्रत्येक १ वर्षमा प्रजातान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरू मध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित घटिमा ७ र बढीमा २५ जनासम्मको कार्यसमिति गठन गर्नेछ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि एक वर्षको हुनेछ ।

**८. साधारणसभाको काम, कर्तव्य र अधिकार :**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचीमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समीक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने ।

८.३ क्लबको लेखा परीक्षण समुदायमा रहेका शिक्षकहरूमध्येबाट गराई सो को प्रतिवेदन तयार गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी स्थानीय वडा समितिको सिफारिसका साथ गाउँपालिकामा पेस गरी संसोधन गर्ने ।

८.६ अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद-४
## कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**९. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

९.१ अध्यक्ष

क) कार्यसमिति र साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

ख) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।
ग) संस्थाको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने ।
घ) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने ।
ङ) मत बराबर भएमा निर्णायक मत दिने ।
च) समुदाय, विद्यालय, जिल्लाका अन्य सहयोगी संस्थाहरू बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

९.२ उपाध्यक्ष
क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएको अधिकारहरू प्रयोग गर्ने ।
ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।

९.३ सचिव
क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने र बैठक निर्णय अभिलेख राख्ने ।
ख) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी सबैलाई पुर्‍याउने ।
ग) क्लबमा प्राप्त भएका सूचनाहरू क्लबका अन्य पदाधिकारीहरूलाई जानकारी गराउने ।
घ) वार्षिक प्रतिवेदन तयारी गर्ने । पत्राचार गर्ने ।

९.४ सहसचिव
क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने
ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

९.५ कोषाध्यक्ष
क) संस्थाको सम्पूर्ण नगदी, जिन्सी सामानहरूको जिम्मा लिने र त्यस सम्बन्धी श्रेस्ताहरू अद्यावधिक राख्ने ।
ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।
ग) आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्रमा प्रधानध्यापकको अनुमतिले शिक्षकबाट लेखा परीक्षण गराउने ।

९.६ सदस्य
क) संस्थाको बैठकमा नियमित उपस्थित हुने ।
ख) संस्थाको हितको लागि सबै लागि पर्ने ।
ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।
घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद-५
## आर्थिक व्यवस्था

**१०. आर्थिक स्रोत :**

आर्थिक स्रोत निम्न अनुसार रहने छ :

क) साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क ।
ख) गाउँपालिका र अन्य सरोकारवाला निकायबाट प्राप्त रकम ।
ग) क्लबको प्रगतिका लागि अन्य ईच्छुक अभिभावक, चन्दादाताहरूबाट प्राप्त सहयोग रकम ।
घ) विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग नगद जिन्सी ।
ङ) देउसी भैलो कार्यक्रमबाट प्राप्त नगद जिन्सी ।
च) क्लबका प्रकाशनहरू बेचविखनबाट प्राप्त रकम ।
छ) प्रशिक्षक वा सहभागी भई क्लबका पदाधिकारीहरूले अन्यत्र काम गरी प्राप्त गरेको रकमको

कार्यसमितिले निर्णय गरेको निश्चित प्रतिशत रकम ।

ज) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम ।

**११.कोष**

११.१ कोषको रकम बालसंरक्षण समिति वा संरक्षकको जिम्मामा रकम रहनेछ र सो को हिसाब किताब बालक्लबले राखेछ ।

## परिच्छेद - ६
## विविध

**१२. विधान संशोधन :**

यस विधानमा उल्लेखित दफा तथा उपदफाहरू संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतबाट संशोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**१३. क्लबको विघटन**

कुनै कारणवस क्लब सञ्चालन हुन नसकी क्लबको विधानबमोजिम सम्पूर्ण सदस्यहरूमध्ये दुई तिहाई बहुमतबाट पारित गरी पठाएको क्लब विघटनसम्बन्धी निर्णय वडाको सिफारिसमा गाउँपालिकाले स्वीकृति दिएमा क्लबको विधिवत विघटन भएको मानिनेछ । सो अवस्थामा क्लबको सम्पूर्ण चल अचल सम्पत्तिहरू गाउँपालिकाको हुनेछ ।

**१४. निश्क्रियता** :

यस विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछन् ।

**बालक्लब दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरू र हस्ताक्षरः**

| क्रस | नाम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | अध्यक्ष | |
| २ | | | उपाध्यक्ष | |
| ३ | | | सचिव | |
| ४ | | | कोषाध्यक्ष | |
| ५ | | | सहसचिव | |
| ६ | | | सदस्य | |
| ७ | | | सदस्य | |
| ८ | | | सदस्य | |
| ९ | | | सदस्य | |
| १० | | | सदस्य | |
| ११ | | | सदस्य | |
| १२ | | | सदस्य | |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १३ | | | सदस्य | |
| १४ | | | सदस्य | |
| १५ | | | सदस्य | |
| १६ | | | सदस्य | |
| १७ | | | सदस्य | |
| १८ | | | सदस्य | |
| १९ | | | सदस्य | |
| २० | | | सदस्य | |
| २१ | | | सदस्य | |
| २२ | | | सदस्य | |
| २३ | | | सदस्य | |
| २४ | | | सदस्य | |
| २५ | | | सदस्य | |

अनुसूची – क

क्लवको लोगो

बालक्लवको छापमा बालक्लवको नाम, ठेगाना र स्थापना मिति अनिवार्य रुपमा हुनुपर्नेछ । लोगो क्लवले निर्णय गरे अनुरुप हुनेछ ।

अनुसूची – ६

मालिका गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

दरबाङ, म्याग्दी

गण्डकी प्रदेश

बालक्लव सूचीकृत दर्ता किताव

| क्रस | बालक्लवको नाम | ठेगाना | बालक्लवमा सदस्य संख्या | | संरक्षक | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |